लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्थामन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दाङ्ग**

# प्रस्ताव आव्हानको सूचना

**सूचना नं. ०८०/८१-१**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२५**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङको चालू आ.व. २०८०/०८१को तपसिल बमोजिमका स्वीकृत बार्षिक कार्यक्रमहरु **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८०"** बमोजिम लागत साझेदारीमा संचालन गर्न इच्छुक कृषक/समूह/समिति/सहकारी/निजी फर्म/कम्पनी/उद्यमीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०८०/१०/१६ गते) भित्र तोकिएको ढाँचामा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | लक्ष्य संख्या | स्वीकृत वजेट रु. लाखमा | संचालन गरिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | संचालन हुने स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|---|
| १. | पोषण सुधारका लागि ग्रामिण कुखुरा पालन कार्यक्रम | ३ | १५ | • खोर सुधार वा निर्माण<br>• चल्ला वितरण, पोषण आहारा व्यवस्थापन<br>• खोप, उपचार र तालिम<br>• दाना पानीका भाँडा खरिद | दलित, महिला, मुक्त कमैया, पिछडा वर्ग, जनजाती वा अन्य समुदाय लाई प्राथमिकता हुने गरी २५ जनाको समूह | दाङ्ग जिल्ला भरी | पूर्वाधार निर्माणमा ७५% र अन्य उत्पादनमुलक क्रियाकलापमा शत प्रतिशत अनुदान वा प्रतियोजना अधिकतम रु. ५ लाख (अनुसूची ३३ बमोजिम हुने गरी) |
| २. | मूल्य अभिवृद्धिका लागि साना कृषि उद्योग सहयोग कार्यक्रम | १ | ५ | • दुग्धजन्य परिकार (खुवा, पेडा, छुर्पि, कुल्फि, आइसक्रिम, पनिर, दही, आदि) र मासुजन्य परिकारहरू (ससेज, सलामि, मिटवल, अचार आदि) उत्पादन,<br>• लेवलिङ र प्याकेजिङ<br>• आवश्यक मेसिनरी, उकपरणहरू,<br>• आवश्यक प्रिजरभेटिभस, फूड एडिटिभ्स, इडिवल रङ, शुक्ष्मजीवाणु आदि, | • स्थानीय उत्पादनलाई बजारीकरण गर्ने उद्देश्यले स्थापना भएका लक्षित ग्रामीण साना उद्योग,<br>• लघु उद्यमबाट उत्पादन प्रशोधन तथा प्याकेजिङ गरी बजारमा उपलब्ध गराउनु पर्ने, | दाङ्ग जिल्ला भरी | कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान वा वढीमा ५ लाख |
| ३. | मासु/माछा पसल सुधार/निर्माण कार्यक्रम | ४ | ८ | सम्वन्धीत कार्यविधिको अनुसूची-३० बमोजिम आवश्यकता अनुसारको मापदण्ड | • सहभागी हुने आवेदकले दैनिक ठूलो पशुको हकमा कम्तीमा १०० किलो, साना पशु तथा पन्छीको हकमा कम्तीमा ५० किलो मासु बिक्री वितरण गरिरहेको हुनु पर्ने र माछा पसलको हकमा दैनिक कम्तीमा ५० के.जी. माछा बिक्री वितरण गरी रहेको वा गर्नुपर्ने, | दाङ्ग जिल्ला भरी | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति योजना अधिकतम रु. २ लाख |
| ४. | मत्स्य व्यवसायका लागि यान्त्रिकरणमा सहयोग कार्यक्रम | १ | २ | • एरिएटर, दाना बनाउने मेशिनहरू, पानी जाच्ने मेशिन तथा मत्स्यमा प्रयोग हुने अन्य मेसिनरी सामग्रीहरू खरिद। | • कम्तीमा ०.१ हे. जलाशय भएका कृषक/फर्म/कम्पनी/समूह/समिति/सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने। | दाङ्ग जिल्ला भरी | • कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति कृषक अधिकतम रु. १ लाख अनुदान। |

निमित्त कार्यालय प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | घाँसको स्रोत केन्द्र स्थापना कार्यक्रम | १ | २.५ | • नर्सरी स्थापना, बीउ, सेट्स, स्लिप, सकर, कटिङ्ग खरिद<br>• औजार उपकरण तथा अन्य उत्पादन सामग्री खरिद,<br>• सिंचाई पूर्वाधार निर्माण र व्यवस्थापन,<br>• कारोबारको अभिलेखीकरण,<br>• अभिलेखीकरण र प्रतिवेदन। | १. वर्षे र बहु वर्षे घाँसको बीउ उत्पादनको हकमा तराईमा ३ हेक्टर<br>२. घाँसको सेट्स / सिलिप/ सकर/ कटिङ्ग उत्पादनको हकमा कम्तीमा ०.५ हेक्टर हुनुपर्ने,<br>३. डाले घाँसको बिरुवा उत्पादनको हकमा कम्तीमा ०.२५ हेक्टर हुनुपर्ने,<br>४. अनुसूची १४ र १५ अनुसार घाँस खेती गरिएको हुनुपर्ने।<br>५. कम्तीमा ५ वर्ष सञ्चालनको प्रतिवद्धता हुनुपर्ने। | दाङ्ग जिल्ला भरी | अधिकतम ७५ प्रतिशत अनुदान। |
| ६. | प्राकृतिक जलाशय मर्मत सम्भार कार्यक्रम | २० हेक्टर | ३० | • जालशयको गहिराइ सुधार तथा डिल मर्मत,<br>• पानीको प्रवेश/निकाशद्धार मर्मत सम्भार, | १. स्थानीय तह तथा अन्य सरकारी संघ/संस्थाको मातहतमा रहेका प्राकृतिक जलाशयहरू (घोल/ताल, सिमसार) हुन सक्ने,<br>२. जलाशयको न्यूनतम क्षेत्रफल १ हे. र पानीको गहिराई न्यूनतम १.५ मिटर हुनुपर्ने,<br>३. करार अवधि कम्तीमा २ वर्ष बाँकी रहेको हुनुपर्ने। | दाङ्ग जिल्ला भरी | • कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान,<br>• प्रति हेक्टर जलाशय अधिकतम रु. १ लाख अनुदान। |
| ७. | पुरानो पोखरी मर्मत संभार कार्यक्रम | हेक्टर ५ | २५ | • पोखरी मर्मत संभार,<br>• बहुपत्रे प्लास्टिक शीटको लाइनिङ खरिद तथा व्यवस्थापन।<br>• नापजाँच अनुगमन र प्रतिवेदन। | १. कम्तीमा ३ कठ्ठा भन्दा माथि जलाशय क्षेत्रफल भएका पोखरीहरूको मर्मत सम्भार गर्न सकिने,<br>२. मर्मत संभार गरिएको पोखरीको डिल सहित गहिराइ कम्तीमा ५ फिट कायम हुनुपर्ने, | दाङ्ग जिल्ला भरी | १. प्रति हेक्टर जलाशयमा पोखरी मर्मत सम्भारको लागि लागत खर्चको ५० प्रतिशत वा अधिकतम रु. २ लाख मध्ये जुन कम हुन आउँछ।<br>२. डिलमा २०० Gram Square Meter को बहुपत्रेप्लास्टिक शीटको लाइनिङ सहित पोखरी मर्मत सम्भारको लागि कुल लागत खर्चको ५० % वा अधिकतम रु. ५ लाख अनुदान। |

**आवेदनकालागी आवश्यक कागजातहरु**

१. प्रस्तावकको निवेदन अनुसूची -३५ बमोजिम ।
२. अनुसूची -३८ बमोजिमको व्यवसायिक कार्ययोजना।
३. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी तथा दोहोरो अनुदान नलिएको स्व घोषणा पत्र। ( अनुसूची ४२ बमोजिम)
४. दर्ता/ नविरकण भएको प्रमाण पत्रको प्रतिलिपी। ( समूह/निजी फर्म/कम्पनी/सहकारी)
५. स्थायी लेखा नम्वर प्रमाण पत्र तथा गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी। (समूह/निजी फर्म/कम्पनी/सहकारी)
६. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र ।
७. समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपी ।
८. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको १० वर्षको करार पत्र।
९. रु. १० को टिकट टाँस गरि खामबन्दी प्रस्ताव पेश गर्नुपर्ने ।

यस सूचनामा आवश्यक बुदाहरु छुट हुन गएमा **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८०"** वमोजिम गरिने व्यहोरा अनुरोध छ ।उक्त कार्यविधि यसै कार्यालयको वेवसाइड dang.vethos.gov.np बाट डाउनलोड गर्न सकिनेछ । थप जानकारीकोलागी कार्यालयको फोन नं. ०८२-५६०००२१ वा कार्यालयको सूचना अधिकारी श्री कृष्ण न्यौपाने (९८५७८२६६८५)लाई सम्पर्क गर्नहुन अनुरोध छ ।प्रस्ताव पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा भोली पल्ट कार्यालय समयमा प्रस्ताव वुझाउन सकिनेछ।

लुम्बिनी प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ

डा. प्रतिमा विष्ट
नि. कार्यालय प्रमुख